नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

प.सं. २०७९।०८०
च.नं. ६२८२

मितिः- २०८०।०३।२०

विषय :-सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
७७ वटै ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले त्यस जिल्ला अन्तर्गत सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको आ.व. २०७९/२०८० को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खामबाहिर देहायको विवरण उल्लेख गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु /गराउन हुन अनुरोध छ ।

आ.व. २०७९/०८० को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| शिक्षकको संकेत (सिटरोल) नं.: | कार्यरत विद्यालयको नाम र ठेगाना : |
| शिक्षकको नाम थर : | कार्यरत विद्यालयमा बहाल मिति : |
| तह : | प्रदेश : |
| श्रेणी : | जिल्ला : |
| मोबाइल नं. : | स्थानीय तह : |

१. स्थायी शिक्षकहरुको आ.व. २०७९/०८० को सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम्ले (व्यक्तिगत रुपमा) राष्ट्रिय किताबखाना (शिक्षक) मा बुझाउने वा विद्यालय/स्थानीय तहले संकलन गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइहरूमा बुझाउने र इकाइहरूले जिल्लाका सबै विद्यालय शिक्षकहरूको एकमुष्ट गरी २०८० साल श्रावण १ गतेदेखि भाद्र २८ गतेभित्र अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (शिक्षक) मा दर्ता हुने गरी छिटो हुने माध्यमबाट पठाउनुपर्ने छ । **विद्यालयमा कार्यरत करार, राहत, बाल विकास शिक्षक, विद्यालय कर्मचारी आदिले आफु कार्यरत स्थानीय तहमा बुझाउनु पर्नेछ । स्थानीय तहले सो सम्पति विवरण दर्ता गरी सुरक्षित राख्नु पर्नेछ ।** सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनका लागि यस किताबखाना खुल्ला रहनेछ ।

२. अध्ययन विदा, असाधारण विदा र अन्य विदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकहरुले सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

३. आ.व.०७९।०८० भित्र (अर्थात २०७९ श्रावण १ गतेदेखि २०८० आषाढ मसान्तसम्म) सेवानिवृत्त भएको शिक्षकले **समेत** सम्पत्ति विवरण बुझाउनु **पर्नेछ** ।

४. संकेत नं. नमिलेको, तोकिएको मितिभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

५. हुलाकमार्फत तोकिएको अवधिभित्र प्राप्त भएको सम्पत्ति विवरण PIS प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

६. सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलब्ध छ । सम्पत्ति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले उल्लेख गरेको मोबाइल नं. मा SMS बाट प्राप्त हुनेछ । ६० दिन भित्र SMS प्राप्त नभएमा यस किताबखानामा सम्पर्क गर्नु हुन ।

७. नयाँ स्थायी नियुक्त भई सिटरोल बुझाँउदा सम्पत्ति विवरण बुझाएका शिक्षकहरुले समेत अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्ने छ ।

२०८०।३।२०
(रामराज खकुरेल)
का.मु.उपमहानिर्देशक

बोधार्थ :
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।